## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

साईपाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः २०७५/१२/०३

**भाग-२**

**साईपाल गाउँपालिका**

## करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धि मापदण्ड तथा कार्यविधी , २०७५

**प्रस्तावना**

*व्यक्ति ,समूह ,गाउपालिका , प्रदेश तथा संघीय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरिय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणात्मकता वृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्वन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आवश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान , २०७२ को अनुसुचि ८ , स्थानीय सरकार सञ्चालन ऐन २०७४ , साईपाल गाउँपालिका शिक्षा सम्वन्धि अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०७४ ले दिएको अधिकार प्रयोग गरी*

*गाउँ कार्यपालिकाले करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धी मापदण्ड* तथा कार्यबिधी , *२०७५ बनाई जारी गरेको छ ।*

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ** :(१) यस मापदण्डको नाम " **करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धि मापदण्ड तथा कार्यबिधी, २०७५"** रहेको छ ।

(२) यो मापदण्ड साईपाल गाउँपालिका भित्रका अनुमति तथा स्वीकृती प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा** :विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "**गाउँपालिका**" भन्नाले साईपाल गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "**मापदण्ड**" भन्नाले **करारमा स्वयमसेवक शिक्षक भर्ना सम्वन्धी मापदण्ड तथा कार्यबिधी,२०७५** लाई सम्झनु पर्छ ।

(ग) "**कार्यपालिका** "भन्नाले साईपाल गाउँ कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) "**शिक्षक दरवन्दी** "भन्नाले साईपाल गाउँपालिका भित्रका हाल मौज्दात दरवन्दि र साईपाल गाउँपालिकाद्धारा गप गरेका स्वयम्सेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ ।

(ङ) "**शिक्षक** "भन्नाले साईपाल गाउँपालिका भित्र कार्यरत सम्पर्ण स्थायि अस्थायि राहत करार लियन शिक्षकलाई सम्झनु पर्छ ।

(च)" **स्वयम्सेवक शिक्षक** "भन्नाले साईपाल गाउँपालिका भित्रका अनुमति प्राप्त वा स्विकृती प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरवन्दि अभाव भई गाउँ कार्यपालिकाले सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ ।

(छ) "**शिक्षक छनौट समिति"** भन्नाले स्वयम्सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको खण्ड ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ज)" **अध्यक्ष"** भन्नाले साईपाल गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "**प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले साईपाल गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "**शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ट)**"श्रोत व्यक्ति"** भन्नाले साईपाल गाउँपालिमा कार्यक्षेत्र तोकिएको स्रोत व्यक्ति लाई सम्झनुपर्छ ।

(ठ) **"शिक्षा शाखा"** भन्नाले साईपाल गाउपालिका भित्रका विद्यालयको रेखदेख तथा निरक्षण गर्ने शिक्षा शाखालाई सम्झनुपर्छ ।

(ड)"**विषय विशेषज्ञ** "भन्नाले सम्वन्धित विषयमा स्नातकोत्तर वा स्नातक (माबि तह)/ स्नातक तह ( आधारभत तह) उत्तिर्ण गरेका स्थायी / अस्थायी पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ढ)" **भत्ता** "भन्नाले यस मापदण्डको खण्ड १२ अनुसार स्वयम्सेवक शिक्षकलाई दिइने भत्ता सम्झनु पर्छ ।

## परिच्छेद २

## स्वयम्सेवक शिक्षक दरवन्दि

१.साईपाल गाँउपालीकका सामुदायीक विद्यालयलाई तपसिल बमोजीमको शिक्षक विद्यार्थी अनुपात हुनुपर्ने छ ।

क) स्वयम्सेवक शिक्षक दरवन्दि अनुपातः

(अ) आधारभुत तह (कक्षा १ –५ ) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

(आ) आधारभुत तह (कक्षा ६ –८ ) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

(इ) माध्यमिक तह ( ९ – १२) २० जना विद्यार्थी बराबर १ जना शिक्षक

पूनश्चः मथि उल्लेखीत मापदण्ड सामुदायीक विद्यालयमा नेपाल सरकारको कुनै पनि किसमको दरवन्दी प्राप्त नगरेको तथा माथि उल्लेखित विद्यार्थी संख्याको आधारमा अपुग भएका विद्यालयको हकमा मात्र लागु हुने छ र नेपाल सरकारबाट कुनै प्रकारको दरवन्दि प्राप्त हुनासाथ स्वयम्सेवक दरवन्दी स्वःतह फिर्ता गरीनेछ ।

## परिच्छेद ३

## शिक्षक छनौट समिति गठन

**४.शिक्षक छनौट समिति रहने** :(१) सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक नियुक्तिका लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

ख) शिक्षा समिति संयोजक -सदस्य

ग) न्यायीक समिति संयोजक- सदस्य

(घ) सामाजिक बिकास समिति को संयोजक - सदस्य

(ङ) गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तिमा संबघित विषयमा स्नातकोत्तर(माबि तह)/ स्नातक तह (आधारभत तह) उत्तिर्ण गरेका स्थायि पदमा कार्यरत शिक्षकहरुमध्ये संभव भएसम्म १ जना महिला पर्ने गरी २ जना विषय विशेषज्ञ - सदस्य

(च)श्रोत व्यक्ति/ गाउँ शिक्षा शाखा प्रमुख वा प्रतिनीधी –सदस्य सचिव

(२) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत दरवन्दी संख्याको अधिनमा रही खला प्रतिस्पर्धात्मक परिक्षाबाट स्वयमसेवक शिक्षक करारमा नियुक्ति गर्न गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने ,

(ख) परिक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने , प्रश्नपत्रको निर्माण गर्ने ,प्रश्नपत्रको गोपनियता कायम गर्ने , लिखित ,मौखिक तथा प्रयोगात्मक परिक्षा संचालन गर्ने,प्रश्नपत्र जाचँ गर्ने र अन्तिम नतिजा प्रकाशित गर्ने ,

(ग) परिक्षाको लागि तह अनुसारको पाठ्यक्रम निर्धारण गर्ने ,

(घ)परिक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने ,व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने ,

(ङ)परिक्षालाई मर्यादित ,स्वच्छ ,निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ,

(च) गाउँ कार्यपालिका एंव गाउँ शिक्षा समितिसँग परिक्षा संचालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने ,

(छ) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने ,

(३) समितिको वैठक सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(४) समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको संयोजकले तोके अनुसार हुनेछ ।

**परिच्छेद ४**

**शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था**

**५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने :-** (१)नियम ११ बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सबै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र गाउँपालिकामा सूचना टाँस गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहका Website मा समेत राख्न व्यवस्था मिलाउनु पर्नेछ ।

**६.शिक्षक छनौट समाबेसि बनाउनु पर्ने** :- शिक्षक छनौटलाई समावेशी बनाउन गाउँ कार्यपालिकाबाट स्विकृत स्वयमसेवक शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने शिक्षक पद मध्ये ३३ % छुट्टयाई सो प्रतिशतलाई शत प्रतिशत मानि देहायका उम्मेदवारहरु विचमा मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

महिला -४५%

दलित - ३० %

जनजाती -१५%

अपाङ्ग -१० %

**७. दरखास्त बुझाउनु पर्ने :-** प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

**८.योग्यता सम्वन्धि व्यवस्था** :-स्वयमसेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

(क) मा.वि. तह (९-१०) सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(ख) आ.वि. तह ( ६- ८ ) सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
(ग) आ.वि.तह (१-५) प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ङ) आधारभूत तह कक्षा ६-८ कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा कम्प्युटर डिप्लोमा तालिम लिएको हुनुपर्ने ।

**९.उम्मेदवारको लागि योग्यता :**(१) शिक्षा सम्वन्धि अति आवश्कीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७४ बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(२) स्वयम्सेवक शिक्षक भर्ना गर्न एक चोटीको लागी अध्यापन अनुमतिपत्र आवश्यक पर्ने छैन् तर नियुक्ति मिति पश्चातको पहिलो शिक्षक शेवा आयोग द्धारा लीइने अध्यापन अनुमति पत्रको परीक्षा उत्तीर्ण भइ अनुमती पत्र अनीवार्य रुपमा पेश गर्नुपर्ने छ । अन्यथा स्वतह पद मुक्त हुनेछ ।

**१०. पाठ्यक्रम,परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया :**(१) स्वयम्सेवक शिक्षकको लागि लिईने परीक्षाको पाठ्यक्रम,परीक्षा प्रणाली ,मुल्याङ्कन र छनौट प्रक्रिया शिक्षा सम्वन्धि अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

(२) लिखित ,मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिनेछ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | अंकभार |
|---|---|---|
| परीक्षाको किसिम | (क) लिखित | १०० अंक |
| | (ख) मौखिक | २५ अंक |
| | १. शैक्षिक योग्यता वापत | प्रथम,द्वतिय र तृतिय श्रेणीको आधारमा क्रमश : ३,२ र १ |
| | २.अनुभव वापत | प्रत्येक वर्षको ०.५ अंकका दरले वढीमा ३ अंक |
| | ३.अन्तरवार्ता वापत | १४ |
| | ४. न्युनतम भन्दा माथिल्लो योग्यता | प्रथम,द्वतिय र तृतिय श्रेणीको आधारमा क्रमश : २,१.५ र १ |
| | ५. अध्यायपन अनुमति पत्र | ३ |
| | (ग) कक्षा अबलोकन | १० अंक |

## परिच्छेद ५

## भत्ता र बिदा सम्वन्धि व्यवस्था

**१२. भत्ता सम्वन्धि व्यवस्था :**विभिन्न तहमा नियुक्त स्वयम्सेवक शिक्षकहरुको भत्ता गाउँपालिकाको आन्तरीक आम्दानीबाट देहाय बमोजिम हुनेछ -

(क) मा.बि.तह - २४०००

(ख) आधारभूत तह ( ६-८) -१८०००

(ग) आधारभूत तह ( १-५) - १५०००

(घ)बालकक्षा-१५०००

(ङ)लेखापाल-१८०००

(च) कम्प्युटर अपरेटर-१८०००

(छ) मा.वि. का.स.-१२०००

(ज) नि.मा.वि. का.स.-१००००

(छ) प्रा.वि. का.स.-८०००

**१३.बिदा सम्वन्धि व्यवस्था :** (क) स्वयम्सेवक शिक्षकले महिनामा २ दिन क्या.वी. प.वी विदा पाउनेछन् । उल्लेखीत विदा संचीत हुने छैन ।

(ख) स्वयम्सेवक शिक्षकको वीदा संवन्धीत विद्यालयको प्र.अ.ले गर्ने छ ।

## साईपाल गाउँपालिकाको शिक्षा क्षेत्रको सुधार सम्वन्धि कार्य योजना ,२०७५

१.नेपालको संविधान , २०७२ को अनुसुची -८ मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धि स्थानीय तहको अधिकार क्षेत्र अनुसार नेपाल सरकार ( मन्त्रीपरिषद ) बाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनमा उल्लेख भएका आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्वन्धी स्थानीय तहको काम,कर्तव्य र अधिकारको अधिकतम प्रयोग र कार्यान्वयन गर्नुपर्नेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ज मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धमा स्थानीय तहलाई प्राप्त काम,कर्तव्य र अधिकारको अधिकतम प्रयोग गर्नुपर्नेछ ।

३.शिक्षा ऐन , २०२८ ( नवौं संशोधन सहित ) , शिक्षा नियमावली ,२०५९ र साईपाल गाउँपालिकाको शिक्षा सम्वन्धि अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ मा विद्यालय खोल्ने अनुमति,विद्यालयको स्वीकृत पाठ्यक्रम एवं पाठ्यपुस्तक कार्यान्वयन , गाउँ शिक्षा समिति,विद्यालय व्यवस्थापन समितिको गठन,प्रधानाध्यापकको नियुक्ति , विद्यालयको कोष स्थापना र सञ्चालन ,विद्यालय गाभ्ने , दरवन्दी मिलान , सार्ने बन्द गर्ने सम्वन्धि प्रावधान ,लेखा परीक्षण , शिक्षक विद्यार्थी अनुपात , शुल्क ,दण्ड सजाय सम्वन्धमा भएका प्रावधानहरुको कडाईका साथ कार्यान्वयन गर्नुपर्नेछ ।

४. वडा कार्यालयहरुले सम्वन्धित वडाको विद्यालयहरुको महिनामा कम्तिमा एक पटक अनुगमन गरी अनुगमन प्रतिवेदन गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ । गाउँ शिक्षा शाखाले प्रत्येक दुई महिनामा कम्तिमा एक पटक सबै विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी सो प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५.अनुगमन गर्दा शिक्षा ऐन ,२०२८ , शिक्षा नियमावली,२०५९ ,साईपाल गाउँपालिकाको शिक्षा सम्वन्धि अति आवश्यकीय कार्य सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ मा उल्लेख भएका प्रावधानहरु कार्यान्वयन भए/नभएको , हरेक शुक्रवार अतिरिक्त क्रियाकलापहरुको संचालन हुने गरेको/नगरेको ,विद्यालयमा शिक्षक विद्यार्थीको सरसफाईको अवस्था ,विद्यालयको व्यवस्थापकीय अवस्था , यस अघि दिईएका सुझावहरु कार्यान्वयन भए/नभएको लगायत विषयमा स्थलगत अध्ययन ,अवलोकन गरी सो यर्थाथ विवरण गाउँ शिक्षा समितिमा तथा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

६.प्रत्येक विद्यालयले दुई महिनामा कम्तिमा एक पटक वडा समितिका अध्यक्ष ,सदस्य ,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ,सदस्यहरु सहितको अभिभावक भेला बोलाई अध्ययनरत विद्यार्थीहरुको अवस्थाका सम्वन्धमा जानकारी दिई आवश्यक पृष्ठपोषण लिनु र दिनु पर्नेछ । उक्त भेलामा सामाजिक विकास शाखा हेर्ने संयोजक र आधारभूत तथा माध्यमिक शिक्षा कार्यालयबाट शिक्षा हेर्ने अधिकृत वा श्रोत व्यक्तिलाई आमन्त्रण गर्नु पर्नेछ र निजहरुका समेत सुझाव समावेश गरी प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका एवं गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

७.गाउँपालिका भित्रका सामाजिक विकृति जस्तै जाडँ रक्सी ,जुवातास जस्ता सामाजिक विकृती अन्त्य गर्ने अभियन्ताको रुपमा काम गर्नुपर्ने छ ।

८.मध्यपान ,धुम्रपान ,जाडरक्सी सेवन गरी जुवातास खेलिरहेको अवस्थामा साईपाल गाउँपालिकाका शिक्षक कर्मचारी पक्राउपरे निजको ५ दिनको तलब भत्ता काटिने छ ।

९.शिक्षकले पेशागत मर्यादामा रही सार्वजनिक स्थलमा कुनैपनि राजनितिक दल को पक्ष वा विपक्षमा वहस गर्न पाउने छैन । कक्षा कोठामा मोवाइल फोन शैक्षिक सामग्रिको रुपमा मात्र प्रयोग गर्न पाइने छ ।

१०.शिक्षकले सरकारको विपक्षमा धारण राख्न पाउने छैन । राख्नै पर्ने भएमा सम्वन्धित निकायमा लिखित रुपमा राख्नुपर्नेछ ।

११.माथि उल्लेखित प्रावधानहरु कार्यान्वयन नगर्ने विद्यालयका शिक्षकहरुको तलब ,भत्ता तथा अन्य अनुदान रोक्का गरिनेछ । पहिलो चौमासिक वापतको तलब भत्ता तथा प्रशासनिक खर्च प्राप्त गर्न अघिल्लो आ.व.सम्मको लेखा परीक्षण प्रतिवेदन , विद्यालयको जिन्सी विवरण ,सार्वजनिक सम्पत्तिको लगत,चालु आ.व.को लागि विद्यालयको स्वीकृत बजेट तथा गाउँपालिकाले तोकेको अन्य विवरणहरु अनिवार्य रुपमा विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयको सिफारिस समेत संलग्न गरी गाउँपालिका स्थित गाउँ शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

१२.विद्यालयमा अनिवार्य रुपमा शिक्षक तथा विद्यार्थीले तोकिए बमोजिमको पोशाक लगाउनु पर्नेछ । शिक्षक तथा विद्यार्थीको लागि परिचयपत्रको व्यवस्था गर्नु पर्नेछ । विद्यार्थीहरु झोला बोकेर मात्र विद्यालय आउनु पर्ने व्यवस्था कडाईका साथ कार्यान्वय गर्नु पर्नेछ । छात्राहरुले कपाल दुई चुल्ठी बाटेर आउने र रिवन अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने छ ।

१३.प्रत्येक महिना वडा अध्यक्षले विभिन्न समयमा गरेको विद्यालय निरीक्षण र विद्यालयमा रहेको शिक्षक हाजिरी विवरण जाँच गरी शिक्षकहरुले रुजु हाजिरी प्रमाणित गरेर गाउँपालिकामा पठाउनु पर्नेछ । अनुगमन नगरी हाजिरी प्रमाणित गरी पठाएको प्रमाणित भएमा गाउँपालिकाले निज वडा अध्यक्षलाई साईपाल गाउँपालिकाको पदाधिकारीहरुको आधारसंहिता ,२०७४ अनुसार कारवाही गर्न सक्नेछ ।

१४. दुई महिनामा एक पटक ५ वटै वडाका विद्यालयका प्रधानाध्यापकहरुको वैठक गाउँपालिकाले आयोजना गर्नेछ । उक्त वैठकमा सबै विद्यालयका प्रधानाध्यापक ,सामाजिक विकास शाखा संयोजक र आधारभूत तथा माध्यमिक शिक्षा शाखा हेर्ने वि.नि.वा श्रोत व्यक्तिले सो अवधिसम्मको यथार्थ अवस्था लिखित रुपमा पेश गर्नु पर्नेछ।

१५. विद्यालय समयमा कुनै पनि वहानामा कोचिङ⁄ट्युशन कक्षा संचालन गर्न पाइने छैन । विद्यालय समय वाहेकको समयमा कोचिङ कक्षा संचालन गर्न आवश्यक भएमा विद्यालय व्यवस्थापन समिति र वडा समितिको सहमतिमा देहायका मापदण्ड र प्रक्रिया अनुसार कोचिङ⁄ट्युशन कक्षा संचालन गर्न सकिनेछ :-

(क) शैक्षिक शत्र सुरु भएको पहिलो चौमासिकसम्म कोचिङ⁄ट्युशन कक्षा संचालन गर्न पाइने छैन ।

(ख) विद्यालयमा कुनै विषयको कोचिङ⁄ट्युशन कक्षा संचालन गर्नुपर्ने अवस्था सिर्जना भएमा विद्यालय व्यवस्थापन समितिको सहमति लिई विद्यालय समय बाहेकको अवधिमा संचालन गर्न सकिनेछ ।

(ग)विद्यालयमा संचालन हुने कोचिङ⁄ट्युशन कक्षा वापतको शल्कको दर गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ । कोचिङ⁄ट्युशन शुल्क वापत उठेको रकम मध्ये ८० % रकम सम्वन्धित शिक्षक र बाँकी २० % रकम विद्यालयको खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) कुनै शिक्षकको विद्यालयमा नियमित पठनपाठन नगरी कोर्स बाँकी रही सो कोर्स पूरा गर्ने प्रयोजनको लागि निःशुल्क रुपमा अतिरिक्त कक्षा संचालन गर्न सकिनेछ तर कोर्स पूरा गर्ने प्रयोजनका लागि कोचिङ⁄ट्युशन कक्षा संचालन गर्ने तथा शुल्क लिने काम गर्न पाइने छैन् ।

(ङ) कक्षाकोठामा अनिवार्य रुपमा साप्ताहीक पाठयोजना वनाई प्रवेश गर्नुपर्नेछ ।

(च) शिक्षाको गुणस्तर मापदण्ड वनाई प्रत्येक विषयमा अनिवार्य रुपमा लगाउनु पर्नेछ ( सुनाई,वोलाई,लेखाई अनिवार्य रुपमा लगाउनु पर्नेछ) ।

आज्ञाले,

नाम :

प्रमुख प्रशासकीय अधिकृत